PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

# प्रेस विज्ञप्ति

**"सद्भाव हाम्रो शक्ति, हिंसा हाम्रो शत्रु"**
**"घृणा होइन, संवाद रोजौं"**

**२०८३ श्रावण १५ गते, शुक्रबार,**

## सुनसरीको देवानगन्ज र मधेशका अन्य जिल्लाहरूमा भएको साम्प्रदायिक हिंसाप्रति प्रो पब्लिकको गम्भीर ध्यानाकर्षण

सुनसरी जिल्लाको देवानगन्ज र मधेशका अन्य जिल्लाहरूमा हालै भएको साम्प्रदायिक हिंसाका कारण उत्पन्न तनाव तथा मानवीय र सामाजिक क्षतिप्रति प्रो पब्लिकको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानले सुनिश्चित गरेका मानव अधिकार, धार्मिक स्वतन्त्रता, समानता तथा सामाजिक सद्भावका मूल्य र मान्यतामाथि कुनैपनि प्रकारको हिंसा, घृणा वा विभाजनकारी गतिविधि स्वीकार्य हुन सक्दैन । विविधता हाम्रो राष्ट्रिय पहिचान र साझा शक्ति हो । त्यसैले प्रो पब्लिक सम्पूर्ण पक्षलाई संयम अपनाउन, अफवाह तथा घृणाजन्य अभिव्यक्तिबाट टाढा रहन, सामाजिक सद्भाव कायम राख्न तथा संवाद, आपसी विश्वास र मेलमिलापका माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान खोज्न हार्दिक आग्रह गर्दछ ।

प्रो पब्लिक नेपाल सरकार, सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण समुदायलाई मानव अधिकार, विधिको शासन, धार्मिक सहिष्णुता र सामाजिक एकताको संरक्षणमा जिम्मेवार एवं संवेदनशील भूमिका निर्वाह गर्न आह्वान गर्दछ, ताकि यस्ता दुःखद घटना पुनः दोहोरिन नपाओस् ।

साथै, घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन, दोषीउपर कानुनबमोजिम निष्पक्ष कारबाही, प्रभावित समुदायको सुरक्षा, न्याय र पुनःस्थापनाको सुनिश्चितता, तथा दीर्घकालीन सामाजिक सद्भाव कायम गर्न स्थानीय समुदाय, नागरिक समाज, धार्मिक अगुवा, राजनीतिक दल र राज्यका निकायबीच निरन्तर संवाद, विश्वास निर्माण र सहकार्यलाई उच्च प्राथमिकता दिन प्रो पब्लिक बिनम्रतापूर्वक अनुरोध गर्दछ ।

"शान्ति, सहिष्णुता र सामाजिक सद्भाव लोकतान्त्रिक समाजका आधारस्तम्भ हुन् । यी मूल्यहरूको संरक्षण गर्नु हामी सबैको साझा जिम्मेवारी हो ।"

Forum for Protection of Public Interest (Pro Public) जनहित संरक्षण मञ्च (प्रो पब्लिक) PRO PUBLIC PRO BONO PUBLICO Kathmandu, 1991

बाबुराम पौडेल
कार्यकारी निर्देशक

पो.ब.नं. १४३०७, अनामनगर, काठमाण्डौं, नेपाल, फोन नं. ९७७ १ ५७०५१८३
P.O.Box: 14307, Anamnagar, Kathmandu, Nepal, Phone: 977-01-5705183
E-mail: propublic.np@gmail.com www.propublic.org